प्रशासकीय पुनरावलोकन सम्वन्धि जानकारीमूलक पुस्तिका

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

लाजिम्पाट काठमान्डौ

२०७७ भाद्र

१. प्रशासकीय पुनरावलोकन

कर प्रशासन र करदाताबीच हुने कर बिवाद निरुपण र समाधान गर्ने प्रचलित कर कानूनहरूमा प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनको व्यवस्था गरिएको छ । कर अधिकृतले गरेको कर निर्धारण तथ्यपूर्ण नभएको प्रचलित कानुनी आधार भन्दा फरक भइ करदातलाइ चित्त नवुझी बिवाद उत्पन्न भएमा आन्तरिक राजस्व विभाग / महानिर्देशक समक्ष पुनः हेरी जाँची पाउँ भनी निवेदन दिन सक्ने व्यवस्था नै प्रशासकीय पुनरावलोकन हो।

ठूला करदाता कार्यालय, मध्यमस्तरिय करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालयका कर अधिकृतबाट भएको कर निर्धारण सम्बन्धमा वा विभागद्धारा भएका आदेश, पूर्वदिश र निर्णयहरुमा करदाताले चित्त नबुझाई चित्त नबुझेको आधार र कारण स्पष्ट खुलाई महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निवेदन दिने गरेका छन्। महानिर्देशकबाट पुनरावलोकनको निवेदन उपर छानवीन गर्दा कार्यालयबाट भएका निर्णयहरु कानून, विधि र प्रकृया सम्मत नभएको हदसम्म त्यस्ता निर्णयहरु वा आदेशहरु बदर गर्ने वा कर अधिकृतको निर्णयलाई सदर गर्ने वा पुनः कर निर्धारणको लागि लेखि पठाउने अधिकार ऐनद्धारा विभागका महानिर्देशकलाई प्रदान गरेको छ ।

प्रशासकीय पुनरावलोकन गर्नको लागि आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ बमोजिम निवेदन दिन सक्ने व्यवस्था गरेको छ । ती व्यवस्थाहरु देहाय अनुसार रहेका छन् ।

२. कानूनी व्यवस्थाः

करदाताले आफ्नो कारोबारको सम्बन्धमा दाखिला गर्ने पर्ने विवरणहरु समयमा दाखिला नगरेमा, तोकिएको म्याद भित्र कर नबुझाएमा, बिल बीजक नदिई कारोबार गरेमा, घटि वा कम मूल्यमा बस्तु तथा सेवा आपुर्ति गरेमा, अधुरो, झुट्ठा वा त्रुर्टिपूर्ण कर विवरण पेश गरी कर दायित्व घटाएमा, करयोजना गरेमा, आय लुकाएमा ,असुल गरेको कर नबुझाएमा, पेश गर्नु पर्ने कागजातहरु पेश नगरेमा र कर कानूनहरूको पालन नगरेमा कर जोखिमको आधारमा कर अधिकृत र अन्तुःशुल्क अधिकृतले गरेको आयकर ऐन,

२०५८ तथा नियमावली २०५९,मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली २०५३, अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९ अनुसार गरेको कर निर्धारण उपर चित्त नबुझेमा करदाताले आयकर ऐन, २०५८ को दफा ११५, मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३१क तथा अन्तःशुल्क ऐन २०५८ को दफा १९ बमोजिम आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको निमित्त निवेदन पेश गर्न सक्ने कानूनी व्यवस्था छ। साथै विभिन्न कर कानूनमा रहेका व्यवस्थाहरु देहाय अनुसार रहेका छन् ।

२.१ आयकरमा प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णयहरू

आयकर ऐन, २०५८ को दफा ११४ मा विभाग र कार्यालयबाट भएका देहाय बमोजिका आदेश र निर्णयहरु उपर प्रशासकीय पुनरावलोकन हुन सक्ने व्यवस्था गरेको छ ।

- विभागले जारी गरेको पूर्वादेश
- दफा ९० को उपदफा (८) बमोजिम गरिएको निर्णय वा दिइएको आदेश
- अनुमानित करका बारेमा विभागले गरेको अनुमान गर्नका लागि गरेको निर्णय
- आय विवरण पेश गर्ने सम्बन्धमा विभागले गरेको निर्णय
- लिलाम विक्री खर्चको निर्धारण वा कुनै व्यक्तिले बुझाउनु पर्ने शुल्क तथा व्याजको निर्धारण
- दफा १०८ को उपदफा (२) बमोजिम प्रापकको हैसियतमा कुनै व्यक्तिले पाउने रकम भनी छुट्टयाई राख्नु पर्ने गरी विभागले दिएको सूचना
- कर बक्यौता राख्ने व्यक्तिलाई बुझाउन पर्ने रकम राख्ने कुनै व्यक्तिलाई विभागमा दाखिला गर्न विभागले गरेको निर्णय
- गैरबासिन्दा व्यक्तिको तर्फबाट कुनै व्यक्तिको कर दाखिला गर्न कुनै व्यक्तिलाई आदेश दिने गरी विभागले गरेको निर्णय
- कर फिर्ता पाउ भनी कुनै व्यक्तिले दिएको निवेदन उपर विभागले गरेको निर्णय,
- उजुरी दर्ता गर्ने म्याद थपको लागि कुनै व्यक्तिले दिएको निवेदन उपर विभागले गरेको निर्णय ।

आयकर ऐन, २०५८ को दफा ११४ बमोजिमका प्रशासकीय पुनरावलोकन गर्न सकिने निर्णय उपर चित्त नबुझने व्यक्तिले सो निर्णयको सूचना पाएको मितिले तीस दिन भित्र सो निर्णय विरुद्ध विभाग समक्ष निवेदन सक्नेछ ।

२.२.मूल्य अभिवृद्धि करमा प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णयहरू

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(१) बमोजिम कर अधिकृतले गरेको कर निर्धारणको निर्णय उपर चित्त नबुझने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिन भित्र त्यस्तो निर्णय विरुद्ध महानिर्देशक समक्ष निवेदन दिन सक्ने छ ।

२.३. अन्तःशुल्कमा प्रशासकीय पुनरावलोकन हुन सक्ने अवस्थाहरु

अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्ने छ।

३.म्याद थप सम्बन्धी व्यवस्थाः

आयकर ऐन, २०५८ को दफा ११५, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(१)अन्तःशुल्क ऐन, २०५८ को दफा १९(१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिन भित्र म्याद थपको लागि विभाग र महानिर्देशक समक्ष निवेदन दिन सक्ने र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिव देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ ।

४. म्याद थपका लागि आवश्यक कागजातहरु

- म्याद थपको निवेदन ।
- रु. १० को हुलाक टिकट ।
- सम्बन्धित कार्यालयबाट कर निर्धारण आदेश बुझेको भरपाईको प्रमाणित प्रतिलिपि ।
- कर निर्धारण आदेशको प्रतिलिपि ।

५. निवेदन दिने समयावधिः

- कार्यालयबाट कर पुनरावलोन हुने विषयका सम्बन्धमा गरेको निर्णय र सूचना वा आदेश बुझेको मितिले ३० दिन भित्र प्रशासकीय पुनरावलोकनको निवेदन गर्नु पर्ने,
- काबु वाहिरको परिस्थितिले उक्त ३० दिन भित्र निवेदन दिन असमर्थ भएमा त्यसको ७ दिन भित्र म्याद थपको लागि बिभाग र महानिर्देशक समक्ष निवेदन दिएमा ३० दिनको म्याद थप पाउने व्यवस्था रहेको छ।

६. पुनरावलोकनमा जाँदा पेश गर्नु पर्ने कागजातहरूः

प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गर्नको लागि देहायका कागजातहरु सहित निवेदन दिनुपर्दछ ।

- रु. १० को हुलाक टिकट ।
- निर्णय पर्चाको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित कार्यालयबाट कर निर्धारण आदेश बुझेको भरपाईको प्रमाणित प्रतिलिपि
- कर निर्धारण आदेशको प्रतिलिपि ।
- म्याद थप गरेको भए म्याद थप गरेको पत्रको प्रतिलिपि ।
- विवादित कर रकमको एक चौथाई रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको भौचरको प्रतिलिपि ।
- तिर्न मन्जुर गरेको रकम पुरै दाखिला गरेको भौचरको प्रतिलिपि ।
- सम्बन्धित व्यक्ति नभएको अवस्थामा फर्म, कम्पनी वा प्रतिष्ठानले प्रदान गरेको अख्तियारनामा र वारेशनामा ।
- पुनरावलोकन हुनुपर्ने कारण तथा आधारहरु (जिकिर) स्पष्ट रुपमा उल्लेख गरी दिएको निवेदनपत्र ।
- निवेदनपत्रको थप एक प्रति प्रतिलिपि ।

निवेदनको Soft copy Appealird@ird.gov.np मा पठाउने वा Soft Copy सँगै ल्याउने ।

७. महानिर्देशकबाट निर्णय हुने समयावधिः

- प्रशासकीय पुनरावलोकनको निवेदन गरेको मितिले ६० दिन भित्र महानिर्देशक/विभागले निर्णय गर्नु पर्ने व्यवस्था छ।
- यदि सो अबधिमा निर्णय नभएमा करदाताले सम्बन्धित कार्यालयको कार्यक्षेत्र भित्र पर्ने राजस्व न्यायाधिकरणमा पुनरावलोकन गर्न सक्नेछ।
- राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर चित्त नवुझेमा सर्वोच्च अदालतमा निवेदन दिन सक्ने कानूनी प्रवन्ध रहेको छ।

८. राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने अवस्थाहरू

कर कानूनहरुमा भएको प्रावधान बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता भएको मितिले ६० दिन भित्र छानवीन गरी निर्णय गरिसक्नु पर्दछ ।करदाताले निवेदन पेश गरेको ६० दिनभित्र विभागले सो निवेदन उपरको निर्णयको सूचना निवेदकलाइ नदिएमा राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था रहेको छ। देहाय बमोजिमका निर्णय विरुद्ध राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्दछ ।

८.१ आयकर ऐन,२०५८ बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन उपर भएको निर्णयमा चित्त नबुझने व्यक्तिले त्यस्तो निर्णय उपर निर्णय वा आदेश सुनी पाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने जानकारी सुचना म्याद तामेल भएकोमा सो मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था छ ।

८.२ कुनै किसिमको प्रशासकीय पुनरावलोकन हुन सक्ने निर्णय स्वयं महानिर्देशकले गरेको रहेछ भने त्यस्तो निर्णयमाचित्त नबुझने व्यक्तिले त्यस्तो निर्णय उपर निर्णय वा आदेश सुनी पाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने जानकारी सुचना म्याद तामेल भएकोमा सो मितिले ३५ दिन भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था छ ।

८.३ मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम महानिर्देशकले गरेको निलम्बनको आदेश र दफा ३१ बमोजिम महानिर्देशकले गरेको निर्णयमा चित्त नबुझने व्यक्तिले त्यस्तो निर्णय उपर निर्णय वा आदेश सुनी पाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने जानकारी सुचना म्याद तामेल भएकोमा सो मितिले३५ दिन भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था छ ।

८.४ अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय उपर र प्रशासकीय पुनरावलोकनको निवेदन उपर महानिर्देशकले गरेको निर्णय चित्त नबुझने व्यक्तिले त्यस्तो निर्णय उपर निर्णय वा आदेश सुनी पाएकोमा सो मितिले र निर्णय वा आदेश भएको भन्ने जानकारी सुचना म्याद तामेल भएकोमा सो मितिले३५ दिन भित्र राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने व्यवस्था छ ।

राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा न्यायाधिकरण ऐन, २०३१ मा तोकिए बमोजिम धरौटी राख्नु पर्दछ। साथै पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दर्ता गरेको मितिले पन्ध्र दिन भित्र पुनरावेदन पत्रको प्रतिलिपि संलग्न गरी विभाग समक्ष लिखित जानकारी गराउनु पर्दछ ।

९. सर्वोच्च अदालतमा अनुमति दिन सक्ने अवस्थाहरूः

सामान्यतया राजस्व न्यायाधिकरणले गरेको फैसला अन्तिम हुन्छन्। राजस्व न्यायाधिकरणको फैसला उपर सिधै पुनरावेदन लाग्ने व्यवस्था छैन । पुनरावेदन गर्नको देहायका प्रश्नमा कानूनी त्रुटी भएकोले पुनरावेदन गर्न अनुमति पाउ भनी पहिला अनुमतिको निवेदन दर्ता गर्नु पर्दछ ।त्यस्ता प्रश्नमा कानूनी त्रुटी भई न्यायाधिकरणको फैसला पूर्ण वा आंशिकरुपमा उल्टि हुन सक्ने देखि सर्वोच्च अदालतले आफु समक्ष पुनरावेदन गर्न अनुमति दिएमा मात्र न्यायाधिकरणको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछ ।

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम देहायका प्रश्नमा त्रुटी देखि अनुमति दिएमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछ ।

- अधिकार क्षेत्रको प्रश्न,
- बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको प्रश्न, वा
- बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधि सम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न,
- गम्भीर कानुनी त्रुटी सम्बन्धी प्रश्न ।

१०. आन्तरिक राजस्व विभाग / महानिर्देशकबाट वा अन्य न्यायिक निकायबाट भएको निर्णय कार्यान्वयन सम्बन्धमाः

बिवादित कर निर्धारण उपर प्रशासनिक पुनरावलोकन, राजस्व न्यायाधिकरण, उच्च अदालत वा सर्वोच्च अदालतवाट भएको फैसला सम्बन्धित कार्यालयवाट कार्यान्वयन हुन्छ। यसको लागि करदाताले यथासक्य चाँडो प्रशासकीय पुनरावलोकन/पुनरावेदनबाट भएको निर्णय/आदेश/फैसलाको जानकारी सम्बन्धित कार्यालयमा वुझाइ बक्यौता फर्छ्यौट गर्नु पर्दछ ।

११. प्रशासकीय पुनरावलोकन सम्बन्धमा आर्थिक वर्ष २०७७।०७८ को आर्थिक ऐनले दिएको सुविधा

आयकर ऐन, २०५८ मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तःशुल्क ऐन २०५८ बमोजिम संवत २०७५ साल असार मसान्त भित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण (झुठा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण बाहेक) उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधिन रहेका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क बापतको कर रकम र सोमा लागेको ब्याज संवत् २०७७ साल फागुन मसान्त भित्र बुझाएमा सोमा लागेको शुल्क,थप दस्तुर तथा जरिवाना मिन्हा दिइने व्यवस्था गरेको छ।

१२. प्रशासकीय पुनरावलोकनपत्रको निवेदनको ढाँचा

प्रशासकीय पुनरावलोकनपत्रको निवेदन दिदा सकेसम्म संक्षिप्त व्यहोरा उल्लेख गरी नेपाली कागजमा प्रिन्ट गरी दिनुपर्दछ । निवेदन दिने आधिकारीक व्यक्तिले निवेदनपत्रको पहिलो पानाको पुछारमा र अन्य पृष्ठको शिर पुछारमा हस्ताक्षर गर्ने र अन्तिम पृष्ठमा पुरा नाम लेखि हस्ताक्षर गर्नुपर्दछ । यसमा संक्षिप्त व्यहोरा मात्र उल्लेख गरिएको छ । आवश्यकता अनुसार थप कुराहरु खुलाउन सकिने छ ।

<u>गुज्रेको म्यादथप गर्ने निवेदन पत्रको ढाँचा</u>

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा चढाएको

निवेदन पत्र

विषयः आयकर ऐन, २०५८ को दफा ११५(३) बमोजिम गुज्रेको म्याद थामी पाउँ ।

जिल्ला .... महानगर पालिका र उपमहानगर पालिका र नगर पालिका र गाउ पालिका बडा नम्वर ....मा कार्यालय रहेको फर्म र निकायको तर्फबाट अख्तीयार प्राप्त ....जिल्ला ....महानगरपालिका र उपमहानगर पालिका रनगर पालिका र गाउ पालिका बडा नम्वर ....वस्ने वर्ष............ को..१

विरुद्ध

आन्तरिक राजस्व कार्यालय,..१

मुद्दाः

आर्थिक वर्षः ....

श्री आन्तरिक राजस्व कार्यालय,.............बाट आर्थिक वर्ष...............को लागि निवेदक कम्पनीको नाउमा जारी भएको मिति ....को संशोधित कर निर्धारण आदेश तथा सो सम्बधमा खडा गरीएको निर्णयपर्चा मिति................मा प्राप्त गरी हेर्दा उक्त संशोधित कर निर्धारण आदेशमा उल्लिेखित कर निर्धारण गर्नुपर्ने आधार र कारणमा निवेदकले चित्त बुझ्राउन नसकेको हुदा सो उपर कानून बमोजिम ३० दिन भित्र अर्थात मिति.................सम्म प्रशासकीय पुनरावलोकन गर्नुपर्नेमा कम्पनीको कार्य व्यस्तताले गर्दा कावु वाहिरको परिस्थिति परी उक्त म्याद गुज्रन गएकोले आयकर ऐन, २०५८ को दफा ११५(३) बमोजिम ३० दिन गुज्रेको म्याद थामी पाउन यो निवेदन गरेको छु । अतः ऐन बमोजिम गुज्रेको म्याद थामी पाउ ।

१. संलग्न प्रतिलिपि कागजात तथा प्रमाणहरु ।

(क)

(ख)

(२) यसमा लेखिएको व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

अख्तियारप्राप्त

....

इति सम्वत् २०७७ साल भाद्र महिना .....गते रोज .... मा शुभम् ।

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौमा चढाएको

<u>प्रशासकीय पुनरावलोकनको निवेदन पत्र</u>

विषयः प्रशासकीय पुनरावलोकन गरी त्रुटिपूर्ण कर निर्धारण आदेश बदर गरी पाउँ ।

जिल्ला .... महानगर पालिका र उपमहानगर पालिका रनगर पालिका र गाउ पालिका बडा नम्वर ....मा कार्यालय रहेको फर्मरनिकायको तर्फबाट अख्तीयार प्राप्त ....जिल्ला ....महानगरपालिकारउपमहानगर पालिका रनगर पालिका र गाउ पालिका बडा नम्वर ....वस्ने वर्ष........... को...१

विरुद्ध

आन्तरिक राजस्व कार्यालय,..१

मुद्धाः

आर्थिक वर्षः ....
कर निर्धारण भएको कार्यालयः
कर निर्धारण गर्ने अधिकारीः
कर निर्धारण भएको मितिः
कर निर्धारणको जानकारी भएको मितिः
दाखिला गर्नुपर्ने रकमः
रकम दाखिला गरेको मिति र रकमः

उपरोक्त मुद्धामा विपक्षी श्री आन्तरिक राजस्व कार्यालय,............बाट आर्थिक वर्ष...............को लागि निवेदक कम्पनीको नाउमा जारी भएको मिति ....को संशोधित कर निर्धारण आदेश तथा सो सम्बधमा खडा गरीएको निर्णयपर्चा मिति................मा प्राप्त गरी हेर्दा उक्त संशोधित कर निर्धारण आदेशमा उल्लिेखित कर निर्धारण गर्नुपर्ने आधार र कारणमा निवेदकले चित्त बुझ्ाउन नसकेको हुँदा सो बदर गरी पाउन ऐनका म्याद भित्र मिति...........सम्म प्रशासकीय पुनरावलोकन गर्नुपर्नेमा निवेदन दिने म्याद गुज्रन गई गुज्रेको म्याद थामी पाएको म्याद भित्र अविवादीत पुरै रकम बुझाई विवादीत कर रकम............को एक चौथाईले हुने रु.......... मिति............. दाखिला गरी प्रशासकीय पुनरावलोकनको निवेदन लिई उपस्थित भएको छु ।

१. प्रस्तुत मुद्धा सम्बन्धी शुरु मिशिल विपक्षी कार्यालयबाट झिकाई हेरेमा तथ्य सम्बन्धी विस्तृत विवरण अवगत हुने नै हुदा यहा पुनरावृती गरीएको छैन । अतः मिशिल झिकाई बुझी पाउँ ।

२. कार्यालयबाट जारी गरेको अन्तिम कर निर्धारण आदेश र सो सँग सम्बन्धित निर्णयपर्चामा उल्लेखित आधार कानून प्रतिकुल रहेको व्यहोरा निम्नानुसार निवेदन गर्दछु ।

(क) व्याज खर्च सम्बन्धमाः

(ख) मर्मत तथा सुधार खर्च सम्बन्धमाः

(ग) प्रशासनिक खर्च सम्बन्धमाः

(घ) ह्रास खर्च सम्बन्धमाः

(ñ)थप विक्री कायम सम्बन्धमाः

३. प्रस्तुत पुनरावलोकन ऐनको दफा........बमोजिम यसै विभागको क्षेत्राधिकार भित्र पर्दछ । प्रत्यर्थीको मिति........ को संशोधित कर निर्धारण आदेश, तत्सम्बन्धी निर्णयपर्चा लगायत यस सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारवाही, निर्णय आदि बदर गरी सर्व सुलभ न्याय पाउं ।

४. संलग्न प्रतिलिपि कागजात तथा प्रमाणहरू ।

(क)

(ख)

(ग)

(५) यसमा लेखिएको व्यहोरा ठिक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निवेदक

अख्तियारप्राप्त

....

इति सम्वत् २०७७ साल भाद्र महिना .....गते रोज .... मा शुभम् ।

पुनश्चः यो पुस्तिकामा उल्लेख भएको कुनै विषय प्रचलित कर कानुन तथा निर्देशिकासंग बाझिन गएमा प्रचलित कर कानुन तथा निर्देशिका बमोजिम नै हुनेछ ।